Logo of Agenzia Italiana Per La CooperationE Allo Sviluppo

ASIA

CEAPRED

OIKOS

Punta.Sud

# सिन्धुका व्यापार चिन्ह निर्देशिका

# SINDHUKA

लोगो

## सिन्धुका

जलवायू परिवर्तन अनुकुल कृषि परियोजना विकाशका (DCCRA AID 10954) लागि **Istituto Oikos** को तर्फबाट द्धारा तयार गरिएको सिन्धुका व्यापार चिन्ह निर्देशिका एउटा विस्तृत दस्तावेज हो जस्मा सिन्धुकाको व्यापार चिन्हाको नाम अन्तर्गत कुनै पनि वस्तु वा सेवा प्रयोग गर्दा पालना गर्नु पर्ने सम्पूर्ण शर्तहरु उल्लेख गरिएका छन् । दस्तावेजको लक्ष्य फूलवारी कृषि सहकारीद्धारा नेपालको उद्योग विभागमा प्रस्तुत गरि इच्छुक पक्षहरुसँग अनुभव बाँडनु हो ।

# १. परिचयः

यो दस्तावेज सिन्धुका व्यापार चिन्हको एकल धारक फूलवारी कृषि सहकारीद्धारा प्रकाशित गरिएको हो र यस्को प्रयोगलाई नियमन गर्ने नियम तथा निर्देशिकाबारे जानकारी आदान प्रदान गर्नु, यस्का मूल्य तथा मान्यताको संरक्षण गर्नु तथा स्थानीय उत्पादकहरुको उत्पादनको लागि सामग्रीहरुको प्याकेजिङ्ग तथा बजारीकरण वृद्धि गर्न सहयोग गर्ने, बजारमा पृथक तथा पूर्ण मान्यता प्राप्त छवि बनाउने र यस्को बजार स्पष्टता तथा व्यवसायिक अवसरहरु सुधार्नु यस्का उद्देश्यहरु हुन् ।

संघिय प्रजातान्त्रिक गणतन्त्र नेपाल कानूनको “पेटेण्ट, डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२” का प्रावधानहरु अन्तर्गत व्यापार चिन्ह बमोजिम यो दस्तावेजका सम्पूर्ण विषयसूची छन् भन्ने बुझाइमा अधिकृत पक्षको पक्षमा सिन्धुकाको नाम तथा यस्को संगठनात्मक चिन्ह वा यसको सम्मिश्रणको प्रयोगसँग सम्बन्धित सम्पूण चालू अनुमति तथा सीमाहरुबारे यस दस्तावेजले वर्णन गर्दछ ।

यहाँ वर्णित शर्तहरुको सहि पूर्ति अनुसारनै सिन्धुकाको व्यापार चिन्हको प्रयोग हुन्छ ।

## १.१.१ लक्ष्य

सिन्धुकाको ब्रान्डिङ्ग प्रणालीको लक्ष्य नेपालमा व्यापार चिनहको सिर्जना गर्नु हो जस्ले स्थानीय उत्पादित वस्तुहरुलाई पृथक तथा पूर्ण मान्यता प्राप्त छवि बनाउँछ जुन स्थानीय विविधता तथा इकोटाइप प्रयोग गरि जलवायू परिवर्तन अनुकुलन खेती अभ्यासमार्फत जलवायू परितवर्तन प्रभावहरु अनुकुल दिगो तथा वातावरणीय मैत्री नमूनासँग जोडिएका छन् ।

बजारभित्र दृश्यता तथा प्रतिस्प्रधालाई सुधार्दै एकातिर स्थानीय उत्पादनहरुले आफ्नो उत्पादनको परिणाम तथा गुणस्तर सुधार्ने आशा गरिन्छ भने अर्को तर्फ उच्च गुणस्तर,

हानिरहित तथा स्थानीय उत्पादित वस्तुहरुमा ग्राहकहरुको पहुँच पु-याई दुवै पक्षलाई पु-याउने वातावरण सिर्जना गर्नु यस्को मूख्य उद्देश्य हो ।

नतिजास्वरुप स्थानीय उत्पादकहरुले सामान्य कृषि देखि उन्नत उत्पादन नमूनाहरुसम्म पारवहन गर्न उच्च प्रोत्साहन खोज्छन् भन्ने आशा गरिन्छ ।

### १.१.२ दृष्टि

जलवायू परिवर्तन अनुकुल कृषि परियोजना विकाशको मापदण्ड पालना गर्ने गरि नेपाली किसानहरुको ठूलो संख्यालाई सिन्धुकाको ब्राण्डिङ्ग प्रणालीसँग संलग्न गराउनु, परम्परागत् स्थानी कृषि उत्पादन (सागसब्जि, फलफूल तथा विउ) को लागि बजार हिस्सा बढाउनु, हालका वर्षहरु (खासगरि २०७२ को भूकम्प पश्चात्) देखि कृषि क्षेमा अनुभव गरिएको बढ्दो व्यापार घाटालाई उल्टयाउनु तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत मान्यताप्राप्त बलियो व्यापार चिन्ह विकाश गर्नु यस्का दिर्घकालिन उद्देश्य हो ।

## १.२ सिन्धुकाको व्यापार चिन्ह तथा बौद्धिक सम्पत्ति संरक्षण

सिन्धुकाको नाम तथा यस्को संस्था, चिन्ह दर्ता नम्वर १ तथा प्यान नं. ६०८९०९०९३ अन्तर्गत दर्ता भई नेपालको काभ्रेपलाञ्चोक जिल्ला पात्लेगाउँ, नमो बुद्ध नगरपालिका ठेगाना भएको फूलबारी कृषि सहकारीको दर्तावाल व्यापर चिन्ह (सिन्धुकाको व्यापार चिन्ह) सम्पत्ति हुन् । व्यापार चिन्हले सिन्धुकाको उत्पादनको प्रतिष्ठा तथा ख्यातीप्रति संकेत गर्छ र परिचय स्थापित गर्छ र अरुबाट पृथक देखाउँछ । फूलबारीले आफ्नै नाम र सिन्धुकाको व्यापारचिन्हको लागि आफ्नै खर्चमा उचित संरक्षणको इच्छा, प्राप्त र कायम गर्नेछ ।

सिन्धुकाको व्यापार चिन्हको सम्पूर्ण प्रयोगको लागि फूलबारीको पूर्व स्वीकृत चाहिन्छ र यो आधिकारिक पक्षहरु (आधिकारिक पक्ष) को लागि मात्र आरक्षित गरिएकोछ ।

पूलवारीबाट लिखित अधिकारनामा नदिई तेश्रो पक्षहरुद्धारा  सिन्धुकाको व्यापार चिन्ह, प्रतीक चिन्ह, लोगो तथा छविरुपको प्रयोग गर्ने अनुमति दिईनेछैन । यस्को विशिष्टता

कायम राख्न अनाधिकृत तेश्रो पक्षहरुलाई सिन्धुकासँग आवद्धता वा सिन्धुकाद्धारा समर्थन गरिएको, जबकि दुवै दिईएको छैन, छ भनि ग्राहकहरुलाई विश्वास दिलाई भ्रममा पार्ने हिसावले सिन्धुकाको व्यापार चिन्ह प्रयोग गर्न अनुमति दिईने छैन ।

सिन्धुकाको व्यापार चिन्हको अनाधिकृत प्रयोगलाई कडाईकासाथ निषेध गरिएको छ, पूर्व आधिकारिकता बिना सिन्धुकाको व्यापार चिन्हको प्रतिलिपि बनाउने कुनै पनि पक्ष विरुद्ध कानूनी कारवाही लिने अधिकार फूलबारीले संरक्षण गर्छ ।

यदि "पेटेण्ट, डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२" बाट दफा १८ (१) को दफाको व्यवस्थामा उल्लेखित कुनै अवस्था कायम रहेमा ऐनको दफा १८(३) अन्तर्गत विभागिय कारवाहीको भागीदार हुनेछ ।

सिन्धुकाको व्यापार चिन्ह प्रयोग गर्नको लागि अनुरोध गर्ने कुनै पनि पक्षले कलाकृति प्रकाशन हुनु भन्दा अगावै लिखित सम्झौता (व्यापार चिन्ह सम्झौता) मा हस्ताक्षर गर्नु पर्छ । दुवै पक्षविचको सम्झौतामा अन्य व्यवस्था गरेको अवस्थामा वाहेक गैरविशिष्टता आधार अन्तर्गत, सम्भावित रोयल्टी बमोजिम तथा निश्चित अवधिको लागि अधिकृत उत्पादनहरु अधिकृत पक्षलाई प्रयोग गर्न, उत्पादन गर्न गराउन, विक्रि, वितरण तथा विज्ञापन गर्ने अधिकार दिन्छ । यदि व्यापार चिन्ह सम्झौताले स्पष्टरुपमा व्यापार चिन्ह सम्झौताले सो अधिकार प्रदान गर्छ भने मात्र सिन्धुकाको चिन्ह प्रयोग गर्न सकिन्छ ।

फूलवारीको पुर्व स्पष्ट लिखित सहमती बिना अधिकृत पक्षले कुनै पनि तेश्रो पक्षलाई सह-इजाजत पत्र दिने छैन र दिईएमा कुनै पनि कारणबाट रोक्का गर्न सकिनेछ ।

उल्लेखित दस्तावेजमा स्पष्टरुपमा व्यक्त व्यहोरा पालना नगरि कनै उत्पादन, प्याकेजिङ्ग वा अन्य सामग्रीमा सिन्धुकाको व्यापार चिन्हको प्रयोगको लागि स्वीकृति रोक्का गर्ने अधिकार फूलवारीले सुरक्षित गरि दस्तावेज सिन्धुकाको सामूहिक व्यापार चिन्ह नियममा संलग्न मार्गदर्शन तथा नियमहरुको पालना गर्नु अधिकृत पक्षको कर्तव्य हुन्छ । पुर्व लिखित सूचना दिई फूलवारीसँग व्यापार चिन्ह सम्झौताका विषय वस्तु सम्बन्धमा

अधिकृत पक्षको अधिकार रहेका वा सो अन्तर्गत का दस्तावेज तथा सामग्री निरिक्षण गर्ने अधिकार हुनेछ । कुनै असहमतीमा व्यापार चिन्हमा स्वीकृत शर्तहरुमा आधारित क्षतिपूर्तीको लागि फूलवारीले अनुरोध गर्नेछ ।

१.३ जलवायू परिवर्तन अनुकुलन खेती विकाशका मापदण्ड

जलवायू परिवर्तन प्रभावको प्रतिक्रिया स्वरुप दिगो तथा वातावरणीय मैत्री नमूना प्रवर्द्धन गर्ने लक्ष्य लिई जलवायू परिवर्तन अनुकुलन विकास-सहायता १०९५४ परियोजनाको उद्देश्यहरुसँग सँलग्न मापदण्ड अनुसार व्यवस्था गरिएको जुन कृषिक्षेत्र श्रोतबाट उत्पादिन कृषि उत्पादनहरुमा पाउन सकिन्छ तिनिहरुनै सिन्धुका नाम तथा यस्का संगठनात्मक चिन्ह दर्तावाल व्यापार चिन्ह हुन् ।

जलवायू परिवर्तन अनुकुलन कृषिको रुपमा जानिन्छ त्यसमा कृषिकहरुलाई तालिम तथा अनुगमनमा जलवायू परिवर्तन अनुकुलन विकास परियोजनाले यस्को ध्यानको एक भागको रुपमा ध्यान केन्द्रिकृत गरेको छ । अप्रत्याशित वर्षा, रोग-किटनाशक, हावाको गति तथा तापक्रममा सर्वत्र वृद्धि जलवायु परिवर्तनका परिमाणहरु हुन् र किसानहरुद्धारा महशुश गरिएका परिवर्तन लाई प्रतिनिधित्व गर्छन् जस्ले तिनिहरुको वाली उत्पादनहरुलाई प्रत्यक्ष असर गरिरहेका छन् । सिन्धुकाको व्यापार चिन्ह प्रयोग गर्न इच्छुक किसानहरु त्यस्ता जलवायु विपत्ति न्यूनीकरण अनुरुप उत्पादन दृष्टिकोण अपनाउने छन् ।

परियोजनाद्धारा प्रवर्द्धित तालिम, अनुगमन क्रियाकलापहरु तथा तरिकाहरुमा संलग्न हुन्छः

- **एकिकृत किटनाशक व्यवस्थापन**: रसायनको घट्दो प्रयोग सहित प्राकृतिक तथा न्यून-विषादी तरिकाहरु (जस्तैवाली चक्रानुक्रम तथा लाभकारी शिकारी किराहरुको प्रयोग) को प्रयोग प्रवर्द्धन गर्दै कृषि तथा वागवानी किनासकको व्यवस्थापन । एकिकृत किटनाशक व्यवस्थापनले कृषि पर्यावरणतन्त्रमा न्यूनतम सम्भाव्य अवरोध सहित एउटा स्वस्थय वाली उत्पादनलाई यस्ले जोड गर्छ ।

- **उपर्युक्त यान्त्रिक औजार तथा उपकरणको परिचय**
- **वर्षाको पानी एकत्र गर्ने कार्यः** प्राकृतिक श्रोत वा टयाँकमा वर्षाको पानी संकलन तथा भण्डार । पानीलाई खडेरीको वेला प्रयोग गर्न सकिन्छ ।
- **थोपा सिंचाईः** नियन्त्रित सिंचाईको तरिका जस्मा विभिन्न विरुवाको जरामा पानीलाई विस्तारै आपूर्ती गरिन्छ । पाईप, टयूव तथा भल्भका श्रृंखला माफेत विरुवाहरुको जरामा पानी आपूर्ति गरिन्छ । यो तरिका प्रयोग गर्दा पानी खेर जाँदैन ।
- **पानी छर्कने यन्त्रद्धारा सिंचाईः** सिंचाइको तरिका जस्मा पानी प्राकृतिक वर्षा जस्त पानीको उपयोग गरिन्छ । अक्सर गरेर पम्प प्रयोग गरि पाईपको माध्यामद्धारा पानी वितरण गरिन्छ । पानी छर्कने माध्यामद्धारा हावामा पानी छर्किइन्छ ताकि यो जमिनमा झर्दा सानो पानीको थोपामा बाँडिन्छ ।
- **छापाईः** तापक्रम तथा आद्रतालाई सुरक्षित राख्दै, माटो स्वस्थ तथा उर्वर तुल्याउँदै तथा जंगली घाँसको फैलावट नियन्त्रण गर्दै वाष्पिकरण न्यूनीकरण गर्न माटोको सतमाथि फैल्याईएको रक्षात्मक सामग्रीको तह । पराल छोपाई वा प्लाष्टिकले छोपाई उदाहरणहरु हुन सक्छन् ।
- **झोलमोलको प्रयोगः** किसानको लागत कम गर्दै वाली उत्पादन सुधार्न सहयोग गर्न निश्चित् अनुपात्मा जनावरको पिसाव, पानी, जीभातु, गाईको मल तथा घाँसपात जस्ता स्थानीय रुपमा उपलब्ध सामग्रीहरु प्रयोग गरि घरमा निर्मित जैविक मल तथा जैविक किटनाशक । त्यस्तो प्राकृतिक श्रोतबाट निर्मित मलले माटोमा रसायनको उपस्थितीलाई न्यून गर्छ र किसानहरुलाई पशुपालन गर्न प्रोत्साहित गर्छ ।

- **न्यूनतम जाताई:** सफल बाली उत्पादन प्राप्त गर्न खेती तथा माटोमा गडबडिको न्यूनतम सम्भावित परिमाण लागु गरिएको आधारमा माटो संरक्षण प्रणाली । कटानलाई न्यून गर्न सहयोग पु-याउन यस्को भौतिक अवस्थालाई बाधा नपु-याई उपयुक्त बेर्ना तयार गर्न यो विधि अपनाईन्छ । खेतीको लागि जनशक्ति घटाउन यसले सहयोग गर्छ र माटोमा आद्रता संरक्षण गर्छ ।
- **फलफूल तथा विउ उत्पादनको लागि स्थानीय उपलब्ध विउको प्रयोग:** स्थानीय विविधता प्रयोग गर्दा हाइब्रिडको तुलनामा त्यस्ता वनस्पतिले धेरै पौष्टिक तत्व सोस्दैनन् त्यसैले यसले माटोको वनावट तथा संरचनालाई संरक्षण गर्छ । यसले अन्य हाइब्रिड विविधता भन्दा बढि स्वादिलो उच्च पोषण गुणस्तर उत्पादन गर्छ । आर्थिक दृष्टिकोणले विउहरु साधारणतया सस्ता हुने तथा बढ्नको लागि कम मात्रामा मल आवश्यक पर्ने हुँदा स्थानीय विविधताहरु धेरै किफायती हुन्छन् ।
- **नर्सरीको कार्यान्वयन:** प्रति ईकाई क्षेत्रफल/स्थान जहाँ साना कोमल वनस्पति तथा रुखहरु उपयोगी आकार (अंकुर चरण) मा नआउन्जेल सम्म खेति गरिन्छ तथा बढाईन्छ । अधिकांश कोमल सागसब्जिहरु सिधै मूख्य खेतमा रोपिन्छन् त्यसकारण तिनिहरुको हेरचाहको लागि पहिला नर्सरीमा बढाईन्छन् ।

## १.४ ग्यारेण्टी तथा कर्तव्यहरु

नेपालमा अधिकारकारनामा प्रदान गर्ने अधिकार फूलवारीसँग रहेको र कुने अर्को पक्षसँग बाझिने गरि कुनै अन्य सम्झौताहरु गरिएको छैन भनि फूलवारीले ग्यारेण्टी दिन्छ र सिन्धुकाको व्यापार चिन्हले कुनै तेश्रो पक्षको मान्य अधिकारलाई अवहेलना गर्दैन । फूलवारीले सिन्धुकाको व्यापार चिन्हलाई मात्र अभिवृद्धि गर्नको लगानी गर्न सम्झौता गर्छ र अधिकृत पक्ष द्वारा उपलब्ध रोयल्टीको परिमाणस्वरुप आर्थिक नाफा तथा कुनै सम्भावित आर्थिक बचतको लागि गर्दैन ।

पारदर्शिता सुचिश्चित गर्न फूलवारीले अधिकृत पक्षलाई यस्को वार्षिक प्रतिवेदन बाँडनेछ जस्मा सिन्धुकाको व्यापार चिन्हको कुनै अद्यावधिक तथा व्यापार चिन्ह अभिवृद्धिमा उपयुक्त लगानी सम्बन्धि जानकारी संलग्न गरिनेछ ।

सिन्धुकाको उत्पादन अभिवृद्धि, बजारीकरण, विक्रि तथा वितरण गर्न यस्को अधिकतम प्रयास प्रयोग गर्नेछ र एकल उत्तरदायी तथा सम्बन्धित लागत व्यहोर्न यहाँ उल्लेखित शर्तहरुको परिपालना गर्नेछ भनि अधिकृत पक्षले ग्यारेण्टी गर्दछ । यसका अतिरिक्त अधिकृत पक्षले सिन्धुकाको उत्पादन तथा सम्पूर्ण प्रचार, प्याकेजिङ्ग तथा सोसँग सम्बन्धित विज्ञापन सामग्री, फूलवारीलाई आवश्यक तथा सिन्धुकाको सामूहिक व्यापार चिन्ह नियममा उल्लेखि सम्पूर्ण उपयुक्त कानूनी सूचनाहरु संलग्न गर्नेछ ।

## १.५ गुण नियन्त्रण

व्यापार चिन्ह अन्तर्गत तथा व्यापर चिन्ह सम्भौताको परिपालना गरि अधिकृत पक्षद्धारा पहिल्यनै उत्पादित तथा बजारीकरण गरिएका उत्पादनरु तुलनामा न्यूनतम समान्ता रहने गरि अधिकृत पक्षले साधै उच्चा गुणस्तर मापदण्ड कायम राख्नेछ ।

सिन्धुकाको उत्पादनको श्रेणीको गुणस्तर यदि परिमाण इकाई गुणस्तर भन्दा न्यून पाईएमा अधिकृत पक्षले त्यस्तो गुणस्तर सुधार्ने उत्तम प्रयास गर्नेछ । फूलवारीद्धारा सुचित गरिएको समयावधि (व्यापर चिन्ह सम्भौताका परिपालना) भित्र त्यस्तो गुणस्तर सुधार्न उचित पाईलाहरु यदि अधिकृत पक्षले नलिएमा व्यापार चिन्ह अन्त गर्ने र सिन्धुकाको व्यापार चिन्ह प्रयोग गर्नबाट अधिकृत पक्षलाई रोक्ने अधिकार फूलवारीसँग हुनेछ ।

सिन्धुकाको उत्पादनहरु उत्पादन तथा प्याकेज हुने ठाउँमा फूलवारी वा यस्का प्रतिनिधिलाई भ्रमण गर्ने सुविधा दिन अधिकृत पक्ष सहमत छ ।

प्रत्येक आथिक वर्षमा कम्तिमा एक पटक अधिकृत पक्षले सिन्धुकाको सामूहिक व्यापार चिन्ह नियम (जस्तैः लेवल, उत्पादन तरिकाहरु, अन्तिम उत्पादन इत्यादी) मा उल्लेखित

शर्तहरुको पालनको प्रमाणको रुपमा प्रस्तुत गर्न सक्ने स्पष्ट तस्विर फूलवारी समक्ष पेश गर्नेछ ।

## १.६ डिजाइन विशिष्टिकरण

सिन्धुकाको व्यापार चिन्ह दर्तावाल ग्राफिक इकाईहरु हुन् र तिनिहरुको वास्तविक रुप कहिल्यै परिवर्तन गरिनु हुँदैन र ग्राफिक छविको रुपमा एक्लै खडा गर्न व्यापार चिन्हको मूल तत्वलाई चिन्हबाट हटाईने छैन ।

लेबल लगाउन वा ब्राण्ड वारे जानकारी दिन उद्देश्य सहित चिन्ह तथा मूलपाठको ढाँचाको डिजाईन सम्बन्धि थप तथा पूर्ण विस्तृत जानकारी दृष्य मापदण्ड मार्गदर्शन ( परिच्छेद २) मा पाउन सकिन्छ ।

## १.७ प्रयोग शर्तहरु

सिन्धुकाको व्यापार चिन्हको प्रयोगको लागि आवेदन दिन योग्य उम्मेदार हुन सिन्धुकाको सामूहिक व्यापार चिन्ह नियम तथा व्यापार चिन्ह सम्झौतामा स्पष्टरुपमा व्यक्त सम्पूर्ण शर्तहरुको पालना प्रत्याशि अधिकृत पक्षले गर्नु पर्छ ।

### १.७.१ आवेदन पत्र

निम्न वर्गहरुले सम्भावित अधिकृत पक्षहरुको सुचि प्रतिनिधित्व गर्दछ जसलाई सिन्धुकाको व्यापार चिन्ह ((अ) र (आ) कानूनी व्यक्तिहरु तथा (इ) र (ई) प्राकृतिक व्यक्तिहरु) को प्रयोगको लागि फूलवारीद्धारा उपयुक्त ठानेको मानिनेछः

(अ) नेपाल सरकार, भूमि व्यवस्थापन, सहकारी तथा गरिवि निवारण मन्त्रालयको भाग सहकारी विभागमा मान्य तथा क्रियाशिल दर्ता भएको **कृषि सहकारी ।**

(आ) नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भाग गाउँ पालिकामा मान्य तथा क्रियाशिल दर्ता भएको **कृषक समूह ।**

(इ) नेपाल सरकार, भूमि व्यवस्थापन, सहकारी तथा गरिवि निवारण मन्त्रालयको भाग सहकारी विभागमा मान्य तथा क्रियाशिल दर्ता भएको **कृषि सहकारीको सदस्य ।**

(इ) नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भाग गाउँ पालिकामा मान्य तथा क्रियाशिल दर्ता भएको **कृषक समूहको सदस्य ।**

पूर्व उल्लेखित वर्गहरुसँग असम्बन्धित कुनै पनि कानूनी वा प्राकृतिक व्यक्तिलाई अलग गरिनेछ र सिन्धुकाको व्यापार चिन्ह प्रयोग गर्नको लागि उपयुक्त मानिने छैन ।

## १.७.२ आवेदन प्रक्रिया

सिन्धुकाको उत्पादनको उत्पादन तथा विक्रि शुरुवात गर्नु भन्दा अगाडी प्रत्यासी अधिकृत पक्षले अनुरोध गरिए बमोजिमका सम्पूर्ण जानकारी सहित संकलित (निवेदन फाराम), फूलवारीद्धारा पुर्वनिर्धारित निवेदन फाराम फूलवारी समक्ष पेश गर्नेछ । प्राप्त भएको १० कार्यालय दिन भित्र अधिकृत पक्षको निवेदनलाई स्वीकृत गर्न वा सुधारको प्रस्ताव गर्न सक्नेछ । निवेदन फारामले स्व-प्रमाणिकरण प्रतिनिधित्व गर्दछ जस्मा अधिकृत पक्षले नाम, संस्थाको प्रकार, ठेगाना, दर्ता नम्वर, कृषि योग्य जमिनको धरातल, सिन्धुकाको व्यापार चिन्ह अन्तर्गत वाणिज्यकरण गरिने उत्पादनको सुचि, प्रयोग गरिएको उत्पादन विधिको संक्षिप्त व्याख्या, प्रयोग गरिएको मल तथा किटनाशकको प्रकार इत्यादी (अनुसूची १, निवेदन फाराम, सिन्धुका व्यापार चिन्ह हेर्नुहोस्) जस्ता जानकारी सहितका आवश्यकताहरु पुरा गरिएका छन् भनेर घोषणा गर्दछ ।

फूलवारीद्धारा एकपटक आवेदन फाराम स्वीकृत गरिसकेपछि दुवै पक्षद्धारा व्यापार चिन्ह सम्झौतामा हस्ताक्षर गरि फूलवारीको स्पष्ट अग्रिम लिखित स्वीकृत बिना प्रत्यासी अधिकृत पक्षले प्राकृतिकरुपमा त्यहाँबाट अलग हुने छैन । त्यस्तो सम्झौतामा हस्ताक्षर गरिसकेपछि तथा सम्बन्धित रोयल्टि (व्यापार चिन्ह सम्झौतामा संलग्न भएको अवस्थामा) तिरिसकेपछि सिन्धुकाको व्यापार चिन्ह प्रयोग गर्न आवश्यक सम्पूर्ण सामग्रीहरु फूलवारीले अधिकृत पक्षलाई प्रदान गर्नेछ । उपलब्ध सामग्रीहरुमा डिजिकल तथा भौतिक सामग्रीहरु संलग्न हुनेछन् र व्यापार चिन्ह सम्झौतामा परिभाषित् गरिनेछ । त्यसपछि सहमत

अवधिको लागि तथा शर्तहरु अन्तर्गत सिन्धुकाको व्यापार चिन्ह प्रयोग गर्न अधिकृत पक्षलाई अधिकार दिन्छ

यदि प्रत्यासी अधिकृत पक्ष प्राकृतिक व्यक्ति भई (इ) वर्गमा पर्छ भने प्रत्यासी अधिकृत पक्ष (सहकारी सदस्य) तथा फूलवारी बिच पूर्ण मध्यस्थको रुपमा कृषि सहकारीले कार्य गर्नेछ र सिन्धुकाको व्यापार चिन्हको प्रयोगको लागि आवेदन दिन आवश्यक कागजातहरु संकलन गन, निवेदन फाराम पेश गर्ने, सम्पूर्ण संचार कायम राख्ने तथा यस्को अन्तिम निश्कर्ष नआउन्जेल निवेदन प्रक्रिया सम्बन्धि कार्यवाही गर्ने कार्यहरुको दायित्व लिनेछ ।

कृषि सहकारीसँगको निकट सम्बन्धको अभावमा यदि प्रत्यासी अधिकृत पक्ष प्राकृतिक व्यक्ति भई (इ) वर्गमा पर्दैन तर (ई) वर्गमा पर्छ भने प्रत्यासी अधिकृत पक्ष (कृषक समूह सदस्य) ले कृषक समूहको अधिकृत प्रतिनिधिद्धारा हस्ताक्षरित सिफारीश पत्र सहित निवेदन फाराम पेश गर्ने, सम्पूर्ण संचार कायम राख्ने तथा यस्को अन्तिम निश्कर्ष नआउन्जेल निवेदन प्रक्रिया सम्बन्धि कार्यवाही गर्ने कार्यहरुको प्रत्यक्ष दायित्व लिनेछ ।




**चार्ट १: वर्ग (अ) तथा (आ) को लागि व्यापार चिन्ह निवेदन प्रक्रिया**

| | | |
|---|---|---|
| | फूलवारी<br>(व्यापार चिन्ह मालिक) | |
| निवेदन फाराम (१)<br>निवेदन फाराम (४) | | (२) निवेदन संसोधन/स्वीकृती<br>(३) व्यापार चिन्ह सम्झौता<br>(५) व्यापार चिन्ह प्रयोगको लागि सामग्रीहरु वितरण |
| | सहकारी<br>(मध्यस्थ) | |
| निवेदन फाराम (आन्तरिक) (१*)<br>निवेदन फाराम (आन्तरिक) (४*) | | (२*) निवेदन संसोधन/स्वीकृती<br>(३*) व्यापार चिन्ह सम्झौता<br>(५*) व्यापार चिन्ह प्रयोगको लागि सामग्रीहरु वितरण (आन्तरिक) |
| | स्वतन्त्र कृषक<br>(व्यापार चिन्ह निवेदक) | |

**चार्ट २ः वर्ग (इ) को लागि व्यापार चिन्ह निवेदन प्रक्रिया**




**चार्ट ३: वर्ग (ई) को लागि व्यापार चिन्ह निवेदन प्रक्रिया**

## अन्त वा समाप्ती

व्यापार चिन्ह सम्झौतामा अन्यत्र उल्लेख गरिए गर्न सकिने समाप्त अधिकार वाहेक अर्को पक्षद्धारा व्यापार चिन्ह सम्झौताको वस्तुगत व्यवस्था उल्लंघन गरेको अवस्थामा अर्को पक्षलाई ३० दिनको लिखित सूचना दिई यदि उल्लंघन गर्ने पक्षले ३० दिनको अवधिमा त्यस्तो सुधारना असमर्थ भएमा कुनै पनि पक्षले व्यापार चिन्ह सम्झौता समाप्त गर्न सक्छ ।

अन्त वा समाप्तीको अवस्थामा अधिकृत पक्षले सिन्धुकाको उत्पादनहरुको सम्पूर्ण फाँटवारीको पूर्ण सूचनी सहित फूलवारीको हातैमा (फाँटवारी) दिनेछ ।

अन्त वा समाप्तीको अवस्थामा गुणस्तर नियन्त्रण वा कानूनी सूचनाको पालनाको कारणले उल्लंघन गरेको अवस्थामा वाहेक अधिकृत पक्ष तिन महिनाको थप अवधि तथा गैरअनन्य आधारमा त्यस्तो फाँटवारी विक्रि अगाडी बढाउने हकदार हुनेछ । त्यस्तो विक्रि व्यापार चिन्हको सम्पूर्ण प्रावधानहरु बमोजिम गरिनेछ ।

व्यापार चिन्ह सम्झौताको अन्त वा समाप्तीको अवस्थामा व्यापार चिन्ह सम्झौता अन्तर्गत अधिकृत पक्षको सम्पूर्ण अधिकारहरु समाप्त हुनेछ र तुरुन्त फूलवारीमा फिर्ता आउनेछ र सिन्धुकाको व्यापार चिन्हको सम्पूर्ण प्रयोग तुरुन्त बन्द हुन्छ ।

## १.८ ख्याती

अधिकृत पक्षले सिन्धुकासँग जोडिएको ख्यातीको मूल्यलाई मान्यता दिन्छ र सो सम्बन्धि ख्याती सहित व्यापार चिन्ह तथा सम्पूर्ण अधिकार विशेषगरि फूलवारीको अधिनमा रहन्छ ।

## १.९ आचार संहिता

सम्पूर्ण पक्षहरुले व्यापार चिन्ह प्रयोग गरि सिन्धुकाको महात्वाकांक्षा तथा लक्ष्य अनुरुप यसका कार्यहरु संचालन गर्छन् तथा जिम्मेवार ब्राण्डको रुपमा यस्को नाममा राखिएका आवश्यकताहरु तथा अपेक्षाहरु पुरा गरेका छन् भनि सुनिश्चित गर्ने महत्वपूर्ण औजारलाई आचार संहिताले प्रतिनिधित्व गर्दछ । आचार संहिताले वातावरणीय, सामाजिक तथा नैतिक जिम्मेवारी लिई कसरी व्यवहार गर्ने, कार्य गर्ने तथा निर्णय गर्ने भनि व्यवहारिक मार्गदर्शन गर्छ । सिन्धुकाको उत्पादनहरुसँग व्यवहार गर्दा लिईने उपयुक्त दृष्टिकोण बारे समेत वर्णन गर्छ । सिन्धुकाको आचार संहिता बारे धेरै पढ्न अनुसुचि २ चेक गर्नुहोस् ।

## १.१० उल्लंघन

यदि व्यापार चिन्ह सम्झौतामा व्याख्या गरिएका अधिकारहरुको उल्लंघनको लागि कारवाही गरिएमा प्रत्येक पक्षले सम्पूर्ण कागजपत्र पालना गर्नेछ, सम्पूर्ण विषयहरुमा

वयान दिनेछ तथा कुनै त्यस्तो मुद्दाको अभियोगको लागि आवश्यक तथा वांछनिय प्रत्येक तरिकाद्धारा विभिन्न प्रकारले सहयोग गर्नेछ ।

## १.११ क्षतिपूर्ती

उत्पादन दायित्वमा आधारित कारवाहीहरु समेत तर सोसँग मात्र सिमित नरही सिन्धुकाको उत्पादनहरुको उत्पादन वा विक्रिमा आधारित फूलवारीमाथि तेश्रो पक्षहरुको दावीको कारणले खर्च गरिएका समपूर्ण लागत, खर्च तथा नोक्सानी (वकिलको उचित शुल्क तथा लागत समेत) वापत् अधिकृत पक्षले फूलवारी, यसका अधिकारी, निर्देशक, एजेण्ट तथा कर्मचारीहरुलाई वचाउने तथा क्षतिपूर्ती दिनेछ ।

## १.१२ क्षेत्राधिकार तथा विवाद

व्यापार चिन्ह सम्झौता संघिय प्रजातान्त्रिक गणतन्त्र नेपालको उपयुक्त कानून बमोजिम शाशित हुनेछ ।

मध्यस्थता गर्न (निषेधाज्ञाको लागि कुनै आवेदनको लागि कुनै पनि पक्षको विकल्प वाहेक) व्यापार चिन्ह सम्झौताको क्षेत्र वा प्रयोजन निर्धारण समेत व्यापार चिन्ह वा सो को उल्लंघन, समाप्ति, वाध्यकरण, व्याख्या वा मान्यताको कारणले उत्पन्न वा सो सँग सम्बन्धित कुनै पनि वादविवाद, दावी वा विवादलाई संघिय प्रजातान्त्रिक गणतन्त्र नेपालको मध्यस्थता उपयुक्त कानूनद्धारा समाधान गरिनेछ ।

मध्यस्थले मध्यस्थ शुल्क तथा मौजुदा पक्षको वकिलको उचित शूल्क सहित मध्यस्थ शुल्कको सम्पूर्ण वा भाग छुट्टयाउनको लागि फैसला गर्न सक्छ ।

## १.१३ सरकारी स्वीकृति

अधिकृत पक्षले व्यापार चिन्हको कार्यान्वयन पश्चात् सम्भव भएसम्म तुरुन्त सम्झौताको स्वीकृती लिनु पर्ने प्रदेशको कुनै पनि सरकारी निकायमा व्यापार चिन्ह सम्झौताको प्रतिलिपि पेश गर्नेछ र तत्परतापूर्वक त्यस्तो निवेदन तुरुन्तै कार्यान्वयन गराउन सहमत

हुन्छ । उपयुक्त सरकारी निकायबाट उचित स्वीकृती प्राप्त गरिसकेपछि त्यस्तो प्रदेशमा व्यापार चिन्ह सम्झौता लागू हुनेछ ।

## २.१ सिन्धुका नाम तथा संगठनात्मक चिन्ह

जलवायू परिवर्तन अनुकुलन विकास मापदण्ड (परिच्छेद १ को १.१.३ हेर्नुहोस) सँग गाँसिएका कृषि नेपाली उत्पादनसँग विभेदित तथा मान्यताप्राप्त छवि प्रदान गर्ने तथा वजार दृश्यता तथा अवसरहरु अभिवृद्धि गर्ने लक्ष्य लिई सिन्धुकाको नाम तथा संगठानात्मक चिन्ह दर्तावाल चिन्ह हुन् ।

नेपालका जिल्लाहरु काभ्रेपलान्चोक, सिन्धुली तथा सिन्धुपाल्चोकमा मौजुद रहेको जलवायू परिवर्तन अनुकुलन विकाश परियोजनाभित्र जन्मेको सिन्धुका एउटा व्यापार चिन्ह हो जस्को सिन्धुली र सिन्धुपाल्चोकबाट सिन्धु र काभ्रेपलान्चोकबाट क जस्ता तिनवटा शब्दहरुको भाग गणना गरि संक्षिप्त रुप छनौट गरिएको थियो । जलवायू परिवर्तन अनुकुलन विकाश परियोजनामा संलग्न मूख्य १३ वटा सहकारीहरुबाट बहुमत प्राप्त गरि २०७५।६।४ मा धुलिखेल तालिम केन्द्रमा बसेको गोलमेजद्धारा नाम तथा संगठनातमक चिन्ह छनौट गर्ने निर्णय गरिएको थियो ।

सिन्धुकाको नाम तथा संगठनात्मक चिन्ह यहाँ वर्णित शर्तहरुको सहि पालना अनुसार प्रयोग गरिन्छ ।

## २.२ चिन्हका तत्वहरु

नेपाली खेत तथा परम्परागत नेपाली किसान, खेत, हिमालयन भू-दृष्य तथा नेपाली झण्डा जस्ता प्रमूख चार तत्वहरुको वनावटको ग्राफिक प्रतिनिधित्वनै सिन्धुकाको चिन्ह हो ।

स्थानीय किसानहरुले खेती रोप्दा तथा परम्परागत नेपाली ढाँकाटोपी लगाउँदाको कल्पना गरि सो को तस्विर बनाईएको परम्परागत् नेपाली किसानलाई पहिलो तत्वले प्रतिनिधित्व गर्दछ ।

दोश्रो तत्वले गोलभेंडाको खेतीको प्रतिनिधित्व गर्दछ । यो स्थानीय कृषि विधिततालाई यस्को रातो रंगको लागि छनौट गरिएको हो जस्लाई राष्ट्रिय रंगको रुपमा तथा नेपाली जनताको विरताको चिन्हको रुपमा मानिन्छ ।

हिमालयद्धारा प्रतिनिधित्व गर्ने तेश्रो तत्व चिन्हको पछाडी देखिन्छ र यस्ले नेपाली भू-दृष्यको विशिष्टता बारे वर्णन गर्छ ।

चिन्ह वरिपरि आकार दिने चौथो तथा अन्तिम तत्वले नेपालको राष्ट्रिय झण्डामा पाईने दुवै रातो तथा निलो रंगहरु प्रयोग गर्दछ ।

## २.३ चिन्हका प्रयोगका शर्तहरु

- फूलवारीको अग्रिम सहमती बिना जानाजान यो चिन्ह प्रयोग गरिने छैन ।
- सिन्धुकाले एउटा उत्पादन वा परियोजना अर्कोको लागि अनुमोदन गर्दछ भन्ने जनाउने कुनै पनि तरिकाबाट चिन्हलाई प्रदशर्न वा प्रस्तुत गरिने छैन ।
- सिनधुकाको चिन्हको व्यापारिक प्रयोगको लागि सिन्धुकाको सामूहिक व्यापार चिन्ह नियम पालना गर्नु पर्ने हुन्छ ।
- कुनै पनि तत्वहरु कुनै पनि हालतमा परिवर्तन गरिने छैन ।
- डिजिटल कलाकृतीको प्रयोग मात्र उपलब्ध गराईनेछ ।
- चिन्हको दोश्रो प्रति नउतार्नुहोस् ।

## २.४ आकार

| अनुपात | दर्ता आकार | न्यूनतम आकार |
|---|---|---|
| लोगो | लोगो | प्रिन्टः २० मिमि X २० मिमि<br>इन्टरनेटः ३५० X ३५० पि.एक्स |

| | | |
|---|---|---|
| १ | ८ सेमि | भिडियोः ५०० X ५०० पि.एक्स |

## २.५ प्रतिलिपिकरण तथा वितरण

सिन्धुकाको चिन्हलाई फूलवारीबाट मात्र प्रतिलिपिकरण गर्न सकिन्छ । कुनै पनि हालतमा चिन्हलाई पुनःनिर्माण गर्ने कोशिश नगर्नुहोस् । फूलवारीको स्वीकृति बिना वाह्य पक्षलाई चिन्ह कलाको प्रतिहरु नदिनुहोस् ।

## २.६ रंग

सिन्धुकाको चिन्हलाई मूल वहुरंग वा कालो/सेतो रंग मध्ये कुनै एकद्धारा प्रतिलिपिकरण गर्न सकिन्छ । विभिन्न छायाँमा सिन्धुका चिन्हको मूख्य रंगहरु हरियो, निलो तथा रातो हुन् । यदि एउटा रंगमा प्रतिलिपिकरण गरिएमा चिन्हलाई ग्रेस्केलमा प्रयोग गरिन्छ । यदि चिन्हलाई रंग क्षेत्रमा राखिन्छ भने यसलाई सेतोमा उल्टयाइन्छ ।

## २.७ प्राथामिक रंग प्यालेट

तल वर्णन गरिए बमोजिम मूख्य रंगहरु नेपाली खेत तथा भू-दृष्यमा देखिने मध्ये रंगहरुसँग जोडिएका छन् । प्राथामिक तथा धेरै देखिने रंगहरु चिन्हमा प्रयोग गरिनु पर्छ ।

| | | | |
|---|---|---|---|
| C28 M 15 Y75 K0<br>R189 G190 B101<br>WEB BDBE65 | C100M54 7100 KO<br>RO G107 B68<br>WEB006B44 | C29 M12 Y0 K0<br>R175 G202 B233<br>WEB AFCAE9 | C55 M35 Y80 KB2<br>R34 G44 B14<br>WEB 222COE |
| C34 M12 Y90 K17<br>R152 G164 B60<br>WEB 98A43C | C95 M78 Y81 KO<br>R49 G81 B79<br>WEB 31514F | C28 M86 Y92 K7<br>R176 G69 B50<br>WEB BO 4532 | |
| C73 M2B Y92 KO<br>R89 G146 B78<br>WEB 599243 | C57 M22 Y45 K30<br>R88 G124 B112<br>WEB 587C70 | C36 M87 Y91 K7<br>R161 G66 B52<br>WEB A14234 | |

२.६.२. दोश्रो रंगको प्यालेट

कुनै राम्रो ब्राण्ड तस्बिरको निरन्तर प्रतिविम्बित गर्ने सिलसिलामा नेपाली झण्डा प्रतिविम्बित गर्न दोश्रो रंगको प्यालेट पहिलो भन्दा कम हुने गरि थपिएकोछ | यी रंगहरुको संयोजन परिभाषित प्राथमिक रंगहरु संग प्रयोग गर्नु पर्दछ |

२.७. खाली ठाउँ

सिन्धुका चित्र अन्य ग्राफिक्स तत्व भन्दा फरक हुनुपर्नेछ | सो चित्रलाई सो चित्रको एक तिहाई उचाई भएको खाली ठाउँले वरीपरीबाट संधै घेरिएको हुनु पर्नेछ |

२.८. गलत प्रयोग

यो चित्र पृष्टभूमिको रंग धमिलो हुने गरि राख्न पाइने छैन | पृष्टभूमिको रंगलाई स्पष्ट संग प्रयोग गर्नु पर्नेछ जसले गर्दा सो चित्र सजिलै देखिन सकियोस् |

निम्न लिखित केहि चित्र उदाहरणका लागि प्रस्तूत गरिएका छन् जुन सिन्धुका ट्रेडमार्कका गलत प्रयोग हुन् :

क. चित्रलाई तन्काउने वा खुम्च्याउने वा यसको गुण परिवर्तन गर्न हुँदैन |

ख. चित्रलाई घुमाउन पाइने छैन |

ग. चित्रको कुनै पनि भागमा अन्य कुनै रंगको प्रयोग गर्न पाइने छैन |

घ. चित्रमा कुनै प्रभाव जस्तै झुकाव, थोपा छायाँ वा आउटलाइन प्रयोग गर्न पाइने छैन |

ङ. यस निर्देशिकामा उल्लेख गरेको अलावा चित्र उल्टो बनाउन पाइने छैन |

च. चित्रको फन्ट परिवर्तन गर्न पाइने छैन |

छ. चित्रको कुनै पनि तत्व (रेखा, दर्ता चिन्ह) हटाउन पाइने छैन |

२.९. टेक्स्ट कन्फिगरेसन

२.९.१. यस चित्रमा दुई वटा फन्ट प्रयोग भएका छन् :

चित्र संग टेक्स्ट भएमा (जस्तै नारा), यसको लागि फन्ट :

२.९.२. आधिकारिक टेक्स्ट कन्फिगरेसन

यदि टेक्स्ट संग चित्रको प्रयोग भएकोछ भने (जस्तै नारा), यसले समेत (२.१.५.३ मा व्याख्या गरे अनुसार) खाली ठाउँ र निम्न अभिविन्यास छोड्नु पर्नेछ |

राखिएको टेक्स्टको उचाई चित्रको उचाई बराबर हुनु पर्नेछ |

एउटा रेखामा टेक्स्ट प्रयोग गरिएको अवस्थामा सो टेक्स्टलाई चित्रको उचाईको विचमा पर्ने गरि सोहि सिधा रेखामा पर्ने गरि उल्लेख गर्नु पर्नेछ |

## अनुसूची -१ : इजाजतपत्र निवेदन फारम

नाम:

ठेगाना :

संस्थाको प्रकार :

दर्ता नम्बर :

उत्पादन योजना :

| विविधताको सुची | खेति योग्य क्षेत्रफल | उत्पादन प्रक्षेपण |
|---|---|---|
| १. | रोपनी | केजी |
| २. | रोपनी | केजी |
| ३. | रोपनी | केजी |
| ४. | रोपनी | केजी |
| ५. | रोपनी | केजी |
| ६. | रोपनी | केजी |
| ७. | रोपनी | केजी |
| ८. | रोपनी | केजी |
| ९. | रोपनी | केजी |
| १०. | रोपनी | केजी |

| | | |
|---|---|---|
| ११. | रोपनी | केजी |
| १२. | रोपनी | केजी |
| १३. | रोपनी | केजी |
| १४. | रोपनी | केजी |

उत्पादन गर्ने प्रयोग गर्ने पद्दति तथा तरिकाको सुची :

आई पी.यम (एकीकृत कीट व्यवस्थापन)

उपयुक्त यान्त्रिक उपकरण तथा औजार

थोपा सिचाई

स्प्रिन्क्लेर सिचाई

मूलचिंग

झोल्मोल उत्पादन

न्युनतम नष्ट

फलफुल तथा बिउ उत्पादनको निम्ति स्थानीय तह्मा उपलब्ध बिउको प्रयोग

बेर्ना उत्पादन

अन्य

प्रयोग गर्ने मल तथा किटनासकको सुची

झोल्मोल

रासायनिक

अन्य

## अनुसूची २ – सिन्धुकाको आचार संहिता

यस आचार संहिताले सम्पूर्ण आधिकारिक पक्षलाई आफ्नो व्यावसाय संचालनका क्रममा यस ट्रेडमार्क प्रयोग सिन्धुकाको अभिलाषा तथा उदेश्य संग मिल्दो जुल्दो र आफ्नो आवश्यकताहरु र अपेक्षाहरु पुरा गर्न सुनिस्चित गर्दछ | यस आचार संहिताले कसरी व्यवहार गर्ने, कार्य गर्ने तथा निर्णय लिने भन्ने कुरामा व्यावहारिक निर्देशन प्रदान गर्नेछ र त्यसरी लिएका निर्णयहरु पर्यावरण, सामाजिक तथा नैतिक जिम्मेवारी पुर्वक लिने छन् र सिन्धुकाका उत्पादनकाको व्यापार गर्दा अपनाउनु पर्ने उपयुक्त दृष्टिकोणको व्याख्या गर्दछ |

सिन्धुकाले वातावरण तथा यसको सम्पपूर्ण Value Chain मा समावेश भएका सम्पूर्ण मानिसलाई प्रत्यक्ष फाइदा गर्न सक्ने जिम्मेवार तथा सम्मानजनक अभ्यास फिजाउन कुराको वकालत गर्दछ | सुरक्षित उत्पादनको अभ्यास जस्तै DCCRA मापदण्ड अनुसारको, यसमा उल्लेखित राम्रो अभ्यासको सिलसिला संगै सिन्धुकालाई यसको उदेश्य प्राप्त गर्ने दृष्टिमा उचित हुने गरि पङ्क्तिबद्ध गर्नको लागि स्थानको निर्माण गर्दछ |

यस संहिता सबै सिन्धुकाका आधिकारिक पक्षहरुमा लागु हुनेछ र प्रत्येक ट्रेडमार्क सम्झौतामा यो लागु हुनेछ | सिन्धुकाको इजाजतपत्र प्राप्त गरि उत्पादन गर्न र / वा उत्पादन बिक्रि गर्ने सम्पूर्ण सबै आधिकारिक पक्षहरुले यस संहिताको पालना गर्नु पर्दछ र आफ्नो ठेकेदार समेतलाई सोहि पालना गर्न लगाउनु पर्नेछ | यो आधिकारिक पक्षहरुको जिम्मेवारी हुनेछ र तिनीहरुको ठेकेदारहरु समेतले आपूर्ति संजाल पारदर्शी र यसको मूलमा तिनीहरुको आपूर्ति संजालको पहिचान गर्दछ |

जिम्मेवारी तथा स्थायी व्यवसाय

सिन्धुकाको स्थायी व्यवसाय विकाश गर्ने रणनीति भनेको आफ्नो ग्राहक, व्यवसाय साझेदार तथा आपूर्तिकर्ता संग दिर्घकालिन जिम्मेवारी काम गर्न तथा यस Value Chain मा संलग्न सबै सम्बन्धित व्यक्तिको लागि आकर्षक ब्राण्ड बनाउने | फलस्वरूप ठुलो संख्यामा उत्पादनकर्ताहरु संलग्नहरु हुनेछन् र ब्राण्डको आधारमा आभ्यासको प्रवर्धन गर्ने |

यस आचार संहिता UN Global Compact Principles ले व्याख्या गरेको कर्पोरेट दायित्वको अन्तर्राष्ट्रिय सन्धिको आधारमा तर्जुमा गरिएकोछ |

कार्यक्षेत्र :

- यस आचारसंहिता सिन्धुकाको ट्रेडमार्क प्रयोग गर्ने सम्पूर्ण सबै आधिकारिक पक्षहरु, चाहे ती उत्पादक, वितरक, सेवा प्रदायक वा अन्य कुनै प्रकारको आधिकारिक पक्षमा लागु हुनेछ |
- यसले ट्रेडमार्क प्रयोग गर्ने भविष्यको सम्भावित आधाकारिक पक्षहरुको मुल्यांकनको लागि आधार तयार गर्दछ |
- यस आचारसंहितामा उल्लेखित व्यवस्थाले हामीले वितरक तथा अन्य व्यवसाय साझेदारबाट आशा गरे अनुसारको व्यावसायको सिद्धान्त प्रस्तूत गर्नु पर्दछ |

कानूनको पालना

- सिन्धुकाले आफु संचालन भएको सम्बन्धित भौगालिक क्षेत्रमा लागु भएको कानूनी प्रक्रिया तथा नियमकोको साथै पर्यावरणीय कानूनको पूर्ण पालना गर्दछ |
- यस आचारसंहितामा उल्लेख भएका मापदण्ड तथा प्रावधान संग उत्पादन हुने राष्ट्रको कानून संग बाझिन गएमा उच्चतम मापदण्ड लागु हुनेछ |
- स्थानीय कानून भन्दा उच्चतम मापदण्डको छनोट उपयुक्त अवस्थामा हुनेछ |

१. पर्यावरण :

सिन्धुका सागसब्जी, फलफूल तथा जडिबुटी उत्पादनमा सक्रिय रहेको छ र यो प्राकृतिक श्रोत तथा जीवनचक्रको राम्रो संचालनमा निर्भर रहेकोछ | त्यसको साथै आफु निर्भर रहेको वातावरणमा विशेष गरि खेति गर्ने अवस्थामा समेत यसको प्रभाव रहनेछ | कुनै आधिकारिक पक्षले पर्यावरणमा प्रभाव न्यूनीकरण गर्न तथा सुधार गर्न प्रणालीगत प्रयासहरू गर्नेछ |

बातावरण, प्राकृतिक श्रोत वा जीवनचक्रमा महत्वपुर्ण प्रभाव पर्ने क्षेत्र सम्बन्धित पक्षहरु संग छलफल गरि व्यावसाय तथा पर्यावरणका सन्धर्भमा सो को लागि उपयुक्त समाधान खोज्नेछ |

क) खेति :

DCCRA मापदण्ड अनुसार उत्पादन अभ्यास प्रयोग गर्दा पर्यावरणमा नकारात्मक प्रभाव न्यूनीकरण गर्न उपभोक्ता तथा आपूर्तिकर्ता संग कार्य गर्न दिर्घकालिन प्रतिबद्धता सृष्टि गर्दै जाने र कृषकलाई इन्पुटको

प्रभावकारी प्रयोगको निम्ति तथा प्रयोगकर्ता तथा पर्यावरणमा पर्ने जोखिम कसरी काम गर्ने भन्ने जानकारी तथा सल्लहा दिने |

ख) उत्पादन तथा कच्चा पदार्थ:

जलवायु तथा पर्यावरण माथिको प्रभाव न्यूनीकरण गर्न उत्पादन तथा कच्चा पदार्थ सम्बन्धि जानकारीको सुधार गर्ने र प्रयोग गरिएको कच्चा पदार्थ संग सम्बन्धित जोखिम तथा स्थायित्व आवश्यकताहरू लागू गर्ने कार्य संग सम्बन्धित जोखिमको मापन गर्ने |

ग) श्रोत तथा उत्पादन

सकेसम्म सबै श्रोतहरु मितव्ययिताका साथ प्रयोग गर्ने र कार्बन उत्सर्जन न्यूनीकरण गर्ने र शक्तिको उचित प्रयोग गर्ने इन्पुटको प्रयोग न्यूनीकरण गर्ने | त्यसको साथै पारवहनमा पर्यावरणको प्रवाभव न्यूनीकरण गर्न आवश्यक कदम चाल्ने |

२. व्यापार संस्थाहरू:

कुनै पनि अवस्था तथा भौगालिक क्षेत्रमा सिन्धुका ट्रेडमार्क प्रयोग गर्ने कुनै आधिकारिक पक्ष आफ्नो दायित्व र नैतिक व्यवहार तथा राम्रो व्यवसाय अभ्यास, सम्पूर्ण प्रकारको भ्रस्टाचार विरुद्धको लडाईको सक्त मापदण्ड ग्रहण गरि सम्पूर्ण value chainमा संलग्न भएका सम्बन्धित पक्षको सम्मानबाट चिनिनु पर्नेछ |

क. इमान्दारिता तथा भ्रष्टाचार विरोधी :

सम्पूर्ण प्रकारको भ्रष्टाचार, घुसखोरी तथा सम्पत्ति सुद्धिकरण र समान खालका गैरकानूनी कृयाकलापमा बन्देज गर्ने |

ख. इच्छा अनुसारको कार्य : व्यक्तिगत इच्छा भन्दा सिन्धुकाको इच्छलाई प्रथिमिकतामा राख्ने |

ग. जानकारीको सुरक्षा :

सिन्धुकाको रणनीति, कृयाकलाप तथा व्यापारिक संचालन सम्बन्धि गोप्य जानकारी सुरक्षित राख्ने र सो कुनै पनि अनाधकारिक पक्षलाई कुनै पनि स्वरूपमा जानकारी नदिने | कुनै तेश्रो पक्षबाट प्राप्त गोप्य जानकारी सिन्धुकाले प्रशोधन गर्ने र आफ्नो आन्तरिक जानकारी सरह त्यसलाई समेत सुरक्षित गर्ने |

(घ) **प्रकटीकरणः** सिन्धुकाको मालिकलाई आवश्यक जानकारी व्यापार चिन्हमा व्यवस्था गरिए बमोजिम कुनै पनि अधिकृत पक्षद्धारा सहजीकरण गर्ने र कुनै परिवर्तन हुँदा तुरुन्त त्यसतो जानकारीलाई अद्यावधिक गर्ने ।

**३. समाजः**

संलग्न सम्पूर्ण सरोकारवालाहरु सँग सिन्धुकाले इमान्दारी, स्पष्टतता, पहुँच तथा गतिद्धारा चित्रित रचनात्मक संवाद सम्पन्न गर्नेछ ।

(क) **समावेशीः** काभ्रेपलान्चोक, सिन्धुली तथा सिन्धुपाल्चोक जिल्लाहरुबाट जलवायू परिवर्तन अनुकुलन विकाश परियोजना (सहयोग १०९५४) मा प्रत्यक्ष संलग्न त्यस्ता सरोकारवालाहरुलाई विशेष गरि ध्यानमा राखि सिन्धुकाको सामूहिक व्यापार चिन्ह नियमको पालना गर्दछ भने कुनै प्राकृतिक वा कानूनी व्यक्तिलाई अलग नगरि ।

(ख) **सरोकारवाला संवाद:** सामाजिक मुद्दाहरुमा संलग्न रहि, छलफलमा रहभागी भई तथा किसान, कर्मचारी ग्राहक, आपूर्तीकता, उपभोक्त, व्यापार संस्था, सरकार तथा गैरसरकारी संस्थासँग सक्रिय संवाद कायम राख्दै तथा चालू व्यवसाय सम्बन्धि सधैं सहि तथा पारदर्शी समाचार संप्रेशण प्रदान गर्दै ।

(ग) **ब्राण्ड तथा बजार संचार:** नीतीपूर्वकसहि जानकारी प्रदान गर्दै तथा ब्राण्ड भरोसासँग दुविधा नरही ब्राण्ड मूल्य तथा विक्रि बढाउने लक्ष्य सहित सिन्धुकाका सम्पूर्ण उत्पादन लेबल लगाउने, बजारीकरण गर्ने तथा विज्ञापन कार्यमा भ्रम नफैल्याउने । यस वाहेक सिन्धुकाले कुनै पनि राजनैतिक पार्टी वा धार्मिक क्रियाकलापहरुलाई प्रायोजन गर्दैन ।

(घ) **कर:** कर उद्देश्यको लागि कुनै कृत्रिम कारोवारलाई निषेध गरि देशको कर कानून तथा नियमहरुलाई अक्षर तथा भावमा अनुसरण गर्ने ।

### ४. सामाजिक अवस्थाहरु

आपूर्तीकर्ता तथा कुनै अधिकृत पक्षले आफ्ना सम्पूर्ण सम्बद्धलाई निष्पक्ष, समान तथा आदरपूर्वक व्यवहार गरेको छ भनि सुनिश्चित गर्दै अन्तर्राष्ट्रियरुपमा घोषित मानव अधिकारलाई समर्थन तथा आदर गर्नु पछ भनि सिन्धुकाले आशा गर्दछ ।

(क) **संस्थाको स्वतन्त्रता:** व्यापार यूनियन तथा सामूहिक छलफलमा स्व-संगठन हुने कर्मचारहरुको अधिकारलाई आदर गर्ने ।

(ख) **कार्यालय समय:** राष्ट्रिय कानून, उद्योग मापदण्ड तथा सामूहिक सम्झौताको पालना गरि ।

(ग) **ज्याला:** कम्तिमा सामूहिक रुपमा सहमत तथा कानूनी रुपमा निर्धारित तहसँग सम्बन्धित ज्याला तथा भत्ताहरु सुनिश्चित गर्ने ।

(घ) **बाध्य श्रमः** दण्डको कुनै पनि रुपसँग सम्बन्धित बाध्य श्रम वा कार्यको कुनै पनि रुपलाई अनुमति नदिने ।

(ङ) **बाल श्रमः** कुनै पनि अधिकृत पक्षद्धारा न्यूनतम कानूनी रोजगार उमेर भन्दा कम उमेरको कुनै पनि व्यक्तिको रोजगारलाई अनुमति नदिने । आर्थिक शोषण, जोखिमपूर्ण, बालकको शिक्षामा नकारात्मक पार्ने वा बालकको स्वास्थ्य तथा विकाशमा नोक्सान पु-याउने कुनै पनि कार्य सम्पन्न गर्न बाट प्रत्येक बालकलाई संरक्षण गरिनेछ ।

(च) **समान् व्यवहारः** समानता तथा विविधतालाई सक्रिय रुपमा अभिवृद्धि गर्ने, विभेद, धम्की, अत्याचार वा उत्पीडनको कुनै पनि रुपलाई स्वीकार नगर्ने ।

(छ) **महिला अधिकारः** पुरुष कामदारहरुलाई खोलिएका सम्पूर्ण पदहरुमा नियुक्त हुन महिला कामदारहरुले समान व्यवहार तथा समान अवसर प्राप्त गर्नेछन् । यदि कार्यस्थलमा पूर्ण सुरक्षाको व्यवस्था गरिएको अवस्थामा वाहेक गर्भवती महिलालाई महिलाको सुरक्षामा खतरा उत्पन्न गर्न सक्ने (तिनिहरुको प्रजनन स्वास्थ्य समेत) ग्लू तथा घोलक द्रव्य समेतबाट बचाईनेछ ।

(ज) **उत्पीडन वा दुर्व्यवहारः** सम्मान तथा मर्यादापूर्वक रुपमा व्यवहार गरि प्रत्येक कामदारलाई कुनै पनि हालतमा शारिरीक, लैङ्गिक, मनोवैज्ञानिक वा मौखिक उत्पीडन वा दुर्व्यवहार गरिने छैन । संलग्न कुनै पनि पक्षले शारिरीक सजायको कुनै पनि रुप प्रयोग गर्ने वा सहन गर्ने छैन ।

**५. उत्पादन**

निरन्तररुपमा सुधार कार्यको लागि व्यवस्थित ढंगबाट कार्य गर्दै अनुसन्धानकर्ता, गैरसरकारी संस्था, विश्वविद्यालय, आपूर्तीकर्ता, ग्राहक तथा अन्य सरोकारवालाहरुसँग सहकार्यको लागि सधैं खुल्ला रहि सिन्धुकाको उत्पादन उपभोगकर्ता तथा उपभोक्ताहरुको लागि सुरक्षित हुनेछ ।

(क) **पत्ता लगाउने क्षमता, श्रोत तथा सुरक्षाः** उपयुक्त निमायक आवश्यकता तथा उद्योग मापदण्ड बमोजिम सजिलैसित पत्ता लगाउन सकिने उत्पादनहरुको उत्पादनस्थानीय विविधता तथा पर्यावरण प्रकार प्रयोग तथा उत्पादन सुरक्षा तथा उच्च गुणस्तर मापदण्डमा सक्रियपूर्वक काम गर्ने । त्रुटि भएको अवस्थामा उपभोगकर्ता तथा उपभोक्ताहरुलाई जोखिम पु-याउने उत्पादनहरुलाई खारेज गरिनेछ ।

(ख) **नयाँ प्रविधिः** कृषि क्षेत्रलाई सुझाव दिन सक्ने नयाँ प्रविधिहरुको विकाशका अवसरहरुमा सकारात्मक राय राख्दछ तथा त्यस्ता प्रविधिहरु ज्लवायु परिवर्तन अनुकुल कृषिका सिद्धान्तहरुसँग सम्बन्धित हुन्छन् । नयाँ प्रविधि स्वीकृतीलाई निरोधक सिद्धान्तहरुद्धारा सधैं मूल्याङ्कन तथा परिचालिन गरिनेछन् ।

**६. अनुगमन तथा अनुपालन**

आचार संहिताको अनुपालन व्यवसायको दिर्घकालिन दिगोपना तथा लाभदायकको लागि आवश्यक छ । सिन्धुकाको व्यापार चिन्हको मालिकको रुपमा फूलवारी कृषि सहकारी सञ्चालक समितिले उल्लेखित दायित्वहरुको पालनामा अनुगमनद्धारा आचार संहिताको पालना सुनिश्चित गर्ने लक्ष्य लिनु आवश्यक पर्छ ।

(क) **कार्यान्वयन तथा अनुपालनः**

- सम्पूर्ण अधिकृत पक्षहरुलाई जानकारी छ भन्ने कुरा सुनिश्चित गर्दै फूलवारी कृषि सहकारी सञ्चालक समितिले आचार संहिता ग्रहण गर्छ र यस्का आन्तरिक अनुपालनाको अनुगमन गर्दछ ।
- अधिक विस्तृत निति तथा मार्गदर्शनको समर्थन सहित यदि आवश्यक परेमा प्रत्येक अधिकृत पक्षले आफ्नो संगठनभित्र आचार संहिताका सिद्धान्तहरुको कार्यान्वयन गर्नको लागि जिम्मेवार हुनेछ ।

- प्रत्येक कामदारले आचार संहिता, निति, मार्गदर्शन तथा स्थानीय कानूनको पालना गर्दछ ।
- आचार संहिता पालना नगरेको अवस्थामा फूलवारी कृषि सहकारीलाई तुरुन्तै उचित तरिकाबाट सूचना दिईन्छ ।
- यदि स्वीकृत अवधिभित्र कुनै सुधार गरिएन भने चेतावनी वा व्यवसाय सम्बन्ध समाप्त जस्ता लक्ष्य प्रति मार्गदर्शन गर्न सक्ने आचार संहिता, निति वा मार्गदर्शनको उल्लंघन ।

(ख) **अनुगमनः** फूलवारी कृषि सहकारीसँग आवद्ध सम्पूर्ण सदस्यहरु सिन्धुकाको आचार संहिताप्रति प्रशिक्षित छन् र यस्का अनुपालनलाई अद्यावधिक आधारमा संचालक समितिलाई सुचना दिईनेछ । अन्य अधिकृत पक्षहरुको अनुपालनालाई सुनिश्चित गर्न फूलवारी कृषि सहकारीले निरिक्षण गर्न लगाउनेछ जुन घोषणा नगरिकन तथा कुनै स्वतन्त्र तेश्रो पक्षद्धारा गर्न लगाईनेछ ।

## ७. आचार संहिता उल्लंघन

सिन्धुका अधिकृत पक्ष यस्मा संलग्न शर्तहरुप्रति पूर्ण जागरुक छ र यदि गम्भिर परिणाम हुन सक्ने अवस्थामा कुनै अतियमिता वा विसंगति भएको पत्ता लागेमा सधैं फूलवारी कृषि शहकारीलाइ सूचना दिनु पर्दछ । आर्थिक अपराध, वातावरणीय अपराध, जीवन तथा स्वास्थ्य प्रति जोखिम, भेदभाव, उत्पीडन तथा निती वा मार्गदर्शनको उल्लंघन जस्ता उदाहरुणहरु संलग्न हुन्छन् ।